**सभाध्यक्ष महोदय !**

**प्रमुख अतिथि प्रदेश सभा सदस्य माननीय वसन्त वानियाज्यू,**
**विशेष अतिथि ज्यू**
**गाउं सभाका सदस्य ज्यूहरु**
**राजनैतिक दलका प्रमुखज्यूहरु,**
**विभिन्न संघ, संस्था, क्याम्पस, उच्च मा. वि. का प्रमुख तथा प्रतिनिधीज्यूहरु**
**सुरक्षा निकायका प्रमुखज्यूहरु,**
**कार्यालय प्रमुखज्यूहरु,**
**राष्ट्रसेवक, पत्रकार, समाजसेवी, व्यापारी, उद्योगी, उपस्थित भद्र महिला एवं सज्जन वृन्दहरु ।**

**सर्वप्रथम कचनकवल गाउंपालिकाको दोश्रो गाउंसभामा आ. व. ०७५/७६ को नीति, बजेट तथा कार्यक्रम उद्घाटन समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरुमा कचनकवल गाउँपालिका वनियानीको तर्फबाट हार्दिक स्वागत गर्न चाहान्छु ।**

**संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापनार्थ भएका संघर्षहरु तथा जनआन्दोलन क्रममा आफ्नो जीवनलाई उत्सर्ग गर्नु हुने महान शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु ।**

**नेपालको होचो भूभाग, नेपालको पूर्वीद्वार, प्राकृतिक एवम् बहुसांस्कृतिक सम्पदाले भरिपुर्ण, विविध जातजातिका मौलिक पहिचानले भरिपुर्ण, सामाजिक सद्भाव र सकारात्मक राजनीतिक संस्कृतिले यो जिल्ला देशभरी नै चर्चित छ । यही जिल्ला अन्तरगत जिल्लाको पूर्वी दक्षिण भागमा अवस्थित यो गाउँपालिका नेपालको होचो भूभागमा अवस्थित छ । यहांको राजनैतिक, सामाजिक, आर्थिक शैक्षिक एवम् विकासका हरेक प्रयासहरुको परिणामस्वरुप तुलनात्मकरुपमा मुलुकको अग्रणी गाउँपालिकाहरु मध्ये कचनकवलले आफ्नो विशिष्ट स्थान सुरक्षित गरेको छ । यसको लागि यहांका विकासप्रेमी जनताहरु, गाउं पालिकाको विकासको लागि सदैव लडिरहने राष्ट्रिय एवम् जिल्लास्तरीय राजनैतिक नेताहरु एवम् प्रतिनिधी सभा तथा प्रदेश सभाका माननीय सभासद्ज्यूरु, गाउं स्थित विभिन्न राजनैतिक दलका प्रतिनिधीज्यूहरु, विकास कार्यमा खटिनु हुने सम्पुर्ण सरकारी कार्यालय एवम् कर्मचारीहरु, शान्ति, सुरक्षा विना विकास सम्भव छैन भन्ने वास्तविकतालाई बोध गरी जिल्लामा शान्ती सुरक्षा एवम् अमनचयन कायम गर्न प्रमुख भूमिका खेल्ने सुरक्षा निकायका प्रमुखज्यूहरुको भूमिका प्रति कचाकवल गाउंपालिकाको तर्फबाट म गौरवको अनुभूति गर्दछु र उहांहरु सवैप्रति विनम्रतापुर्वक कृतज्ञता ज्ञापन गर्दछु ।**

**मुख्यतयः कचनकवलको सम्भावनालाई ३ वटा पक्षबाट हेर्न सकिन्छ ।**

क) **पर्यटकीय सम्भावना : यस गाउंपालिकामा रहेका कचनकवल, केचना, वोडोकेचना झिलको प्रवर्द्धन र विकासबाट आन्तरिक एवम् बाह्य पर्यटकहरु भित्र्याउन सकिन्छ ।**

ख) **औद्योगिक सम्भावना : यो गाउंपालिका नेपालकै धान सुपरजोनमा परेको हुंदा खाद्यान्न सम्बन्धी उद्योगहरु, चिया सम्बन्धी उद्योगहरुलाई अझ बढी औद्योगिकरण गर्न सके कचनकवलको आर्थिक विकास गर्न सकिन्छ ।**

ग) **कृषि एवम् पशु विकास : यस जिल्लामा नगदे बाली तोरी, तरकारी, जुट खेतीहरुलाई व्यवसायिकीकरण गरी तेस्रो मुलुकसम्म निर्यात गर्न सकिन्छ भने धान, मकैको उत्पादन गरी जिल्ला तथा राष्ट्रियकै खाद्यान्न भण्डारको रुपमा गाउंपालिकालाई विकास गर्न सकिन्छ । यसैगरी दुध, मासु र अण्डाको उत्पादन वृद्धि गर्न समेत यहांको मौसम अनुकुल रहेको छ ।**

**एकातिर विकासका सम्भावना र अवसरहरु प्रशस्त देखिन्छन् भने अर्कोतिर केही चुनौतीहरु देखिएका छन् । उदाहरणका लागि –**

१)	**वर्षेनी हुने बाढी र नदी कटानबाट जनधनको क्षतिमा बृद्धि भइरहेको छ र नदी नियन्त्रण गरी जनधनको सुरक्षा गर्ने कार्य सिमित स्रोत साधनले गर्दा पुर्ण रुपमा गर्न सकिएको छैन ।**
२)	**यस गाउंपालिका क्षेत्रमा हात्ति प्रकोप नियन्त्रण हुन सकेको छैन ।**
३)	**कृषिका लागि आवश्यक मलखाद, प्रविधि एवम् सिंचाईको समुचित प्रबन्ध हुन सकेको छैन ।**

उपस्थित महानुभावहरु
**म अव** गाउं पालिकाको दीर्घकालिन सोच, सिद्धान्त र प्राथमिकताहरुका वारेमा अवगत गराउन चहान्छु ।

## गाउंपालिकाको दीर्घकालिन सोच

दुरदृष्टि **(Vision)** : "*कृषि, पर्यटन र पूर्वाधार - समुन्नत कचनकवल विकासको आधार*" भन्ने मूल नारा सहित यस गाउँपालिकाका जनताहरुको जीवन सुखी, समृद्ध बनाउने दीर्घकालीन सौँच रहेको छ ।
गन्तव्य **(Mission )** : कृषिमा आत्मनिर्भर, मानवीय र भौतिक पूर्वाधारको विस्तार एवम् अधिकतम उपयोग गरी आर्थिक र सामाजिक परिवर्तन हासिन गर्ने ।

*समूह*

### समूह : शिक्षा, स्वास्थ्य, जनसंख्या

दुरदृष्टि **(Vision)** : सचेत, स्वस्थ्य, सुरक्षित, शिक्षित र कर्मठ जनताको समूह
गन्तव्य **(Mission)** : भौतिक अवस्थामा सुधार, गुणस्तरीय शिक्षा तथा सेवा र नियोजित परिवार ।
कार्यनीति **(Strategy)** : अनौपचारिक विशेष शिक्षा, शिक्षक तालिम र पूर्वाधार, पोषण, शुद्ध खानेपानी, खोप र जनचेतना

### समूह : उद्योग, वाणिज्य, पर्यटन र वातावरण

दुरदृष्टि **(Vision)** : प्रदूषणरहित औद्योगिक एवम् व्यापारिक केन्द्र
गन्तव्य **(Mission)** : उत्पादन र बजार विस्तार
कार्यनीति **(Strategy)** : चिया, कृषिजन्य व्यवसाय, बजार विकास, पर्यटकीय क्षेत्र पहिचान र विकास

### समूह : कृषि, सिंचाई, वन, तटबन्धन

दुरदृष्टि **(Vision)** : भूसंरक्षण सहित वातावरण प्रवर्द्धन र सहभागितामुलक उन्नत कृषि विकास
गन्तव्य **(Mission)** : प्रविधि हस्तान्तरण र सहभागिमुलक कार्यक्रम
कार्यनीति **(Strategy)** : भूमिगत र सेक्टर सिंचाई, कृषि सहकारी, तटबन्ध र नदी व्यवस्थापन

### समूह : यातायात, संचार र प्रविधि

दुरदृष्टि **(Vision)** : हरेक वडामा मोटर बाटो, आधुनिक संचार सेवा, उच्च प्रविधि तर्फ उन्मुख
गन्तव्य **(Mission)** : प्राथमिकता निर्धारण
कार्यनीति **(Strategy)** : स्रोत पहिचान र परिचालन

### समूह : विद्युत, खानेपानी र ढल

दुरदृष्टि **(Vision)** : स्वच्छ, सफा, झलमल्ल गाउंपालिका

गन्तव्य **(Mission)** : सबै वडाहरुमा स्वच्छ खानेपानी र विद्युत, शहरी क्षेत्रमा ढल निकास
कार्यनीति **(Strategy)** : आन्तरिक र बाह्य स्रोत

## समूह : महिला, बालबालिका, बृद्ध, असहाय, अपाङ्ग, आदिवासी जनजाति, मधेशी, पिछडा वर्ग, मुस्लिम

दुरदृष्टि **(Vision)** : विकासको प्रतिफल तुलनात्मक रुपले पछाडी परेका समुदायमा पुऱ्याउने
गन्तव्य **(Mission)** : सशक्तिकरण र उत्थान
कार्यनीति **(Strategy)** : शिक्षा र तालिम, आय आर्जन कार्यक्रम

उपस्थित महानुभावहरु

कृषि, पर्यटन र पूर्वाधार समुन्नत कचनकवल विकासको आधारलाई दीर्घकालिन सोचको रुपमा निरुपण गरी यस गाउंपालिकाको आर्थिक विकास र पूर्वाधारले सुसम्पन्न एक समृद्ध गाउं पालिका बनाउने रहेको छ । आगामी दिनहरुमा यस गाउं पालिकालाई समस्त स्थानीय निकायको रुपरेखा प्रस्तुत गर्न सक्ने मोडेलको रुपमा बनाउने चाहना सबैमा रहेको छ । यो गाउंपालिकाका सबै गाउं बस्ती एवम् शहरहरुमा पूर्वाधारको राम्रो व्यवस्था गरी यहां कृषि उद्योग व्यवसाय फष्टाउने वातावरण तयार पारी यहांका जनताको जीवनस्तरमा सुधार ल्याउनका लागि यहांका जनतालाई आय र सम्पत्ति सिर्जना गर्ने काममा लाग्न सक्ने वातावरण बनाउनु आवश्यक हुन्छ ।

सभाध्यक्ष महोदय !

### यसका लागि निम्न निर्देशक सिद्धान्तहरु अवलम्वन गरिने छ ।

- गाउंपालिकाबासीको इच्छा एवम् आकांक्षा अनुसारको विकास निर्माणमा ध्यान केन्द्रित गर्ने ।
- तल्लो तहमा आवश्यकता महसुस भई आएको कार्यक्रम एवम् परियोजनाहरुलाई प्राथमिकता दिने ।
- विकासका परिणाम विपन्न वर्गसम्म पुऱ्याउने ।
- योजनाको छनौट देखि कार्यान्वयन सम्म नै स्थानीय जनताको सहभागितामा गर्ने ।
- गाउंपालिकाले धान्न सक्ने (दिगो) किसिमको विकास निर्माणमा जोड दिने ।
- वातावरणमा कम भन्दा कम प्रतिकुल असर पर्ने गरी विकास निर्माणको काम गर्ने ।
- प्राकृतिक स्रोतको उपयोग गर्दा भावी सन्नतीलाई पनि यो स्रोत उपलब्ध हुने गरी कार्य गर्ने ।
- स्थानीय साधन, स्रोत र सीपको उपयोगमा जोड दिंदै स्थानीय जनताहरुको क्षमता अभिवृद्धि गर्दै लैजाने ।
- योजना तर्जुमा र कार्यान्वयन र सुपरिवेक्षण र अनुगमन क्षमताको विकास गर्ने ।
- गाउंपालिकालाई प्रभाव पार्ने सबै प्रान्तीय तथा केन्द्रिय योजनाहरु पनि गाउं पालिकाको प्राथमिकता अनुसार गराउने ।
- प्रान्तिय तथा केन्द्रियरुपमा संकलन हुने राजश्वको निश्चित भाग स्वतः एक निश्चित प्रक्रिया मार्फत पारदर्शिरुपमा स्थानीय निकायहरुलाई बांडिने प्रक्रियालाई अझ फराकिलो र प्रभावकारी बनाउन प्रयास गर्ने ।
- गाउंपालिकामा निर्माण हुने भौतिक पूर्वाधारहरु क्षमताका आधारमा उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुबाट छिटोछरितो प्रक्रिया अपनाई सञ्चालन गर्ने गराउने र निर्माण भइसकेका परियोजनाहरुको व्यवस्थापन एवम् समसामयिक मर्मत सम्भार तिनै उपभोक्ता समूहबाट गराउने ।
- निजी क्षेत्रलाई गाउंको आर्थिक विकासमा अग्रसर गराउने तथा सहकारिताको सिद्धान्त बमोजिम विकास कार्य अगाडी बढाउने ।

- निजी क्षेत्रलाई गाउंपालिकामा लगानी गरी उद्योग, व्यापार, सेवा र कृषिको व्यवसायिक विकासमा लगाउने ।
- उत्पादनमुलक एवम् रोजगारी सिर्जना गर्ने काममा सकेसम्म निजी क्षेत्रलाई प्रोत्साहन गर्ने उद्देश्यले निजी क्षेत्र मैत्री **(Private Sector Friendly)** वातावरण निर्माण गर्ने ।
- सहकारी आन्दोलनलाई बढवा दिई विकास कार्यमा सहकारी मार्फत लगानी गर्ने व्यवस्था गर्ने ।
- सामाजिक विकासका कामहरुमा गैह्र सरकारी संस्थाहरु **(NGOs)** लाई प्रोत्साहन गर्ने र गैह्र सरकारी संस्थाहरुको सामाजिक पूर्वाधार निर्माणमा सहभागिता बढाउने ।
- विशेष गरी आर्थिक र सामाजिक दृष्टिले पिछडिएका समुदायको विकासका लागि गैह्र सरकारी संस्थाहरुको भूमिका प्रभावकारी गर्ने ।
- शिक्षा र सशक्तिकरणको माध्यमबाट समाजमा हुने महिला र पुरुष विचको भेदभाव न्यून पार्ने ।
- शहरीकरणको प्रक्रियालाई योजनाबद्ध तरिकाले अघि बढाउने र शहरको वातावरण विग्रन नदिने ।
- गाउंपालिकाको भूउपयोग नक्सा तयारी पारी विविध कार्यका लागि **Zoning** को सिद्धान्त लागू गर्ने ।
- वातावरण सुधार हुने कार्यक्रम एवम् परियोजनाहरुलाई प्राथमिकता दिई लागू गर्ने ।
- बजार र बस्तीहरुमा फोहोर मैलाको वैज्ञानिक व्यवस्थापन गरी बजारबाट निस्कने फोहोरको अधिकतम लाभकारी उपयोगमा जोड दिने ।

## विकास योजनाको समष्टिगत प्राथमिकता

जनताको आर्थिक, सामाजिक र राजनैतिक अवस्थामा सुधार नै आवधिक विकास योनजाको प्रमुख लक्ष्य हो । विश्वमा नै चलिरहेको उदारीकरण र नेपालले पनि अपनाएको खुला आर्थिक क्रियाकलापमा निजी क्षेत्रको अग्रणी भूमिकाको नीतिको परिप्रेक्षमा आवधिक योजनाले गाउंपालिकामा आर्थिक कारोवार बृद्धि गरी थप आयको सिर्जना गर्ने र यो बृद्धिलाई कसरी सकेसम्म समानुपातिकरुपमा सबै वडाबासीको हितमा ल्याउने भन्ने कुरालाई नै केन्द्र विन्दु बनाइएको छ । गाउंपालिका स्थानीय स्वशासनको प्रमुख इकाई भएको नाताले यसको काम कर्तव्य पनि वडावासीहरुको सुख र समृद्धिका लागि काम गर्नु नै हो । यसै परिप्रेक्ष्यमा गाउंपालिकाको आवधिक विकास योजनाको प्राथमिकता समष्टिगत हिसावमा निम्न बमोजिम रहेको छ ।

*क)* *पूर्वाधार विकास :*

यस गाउँपालिका अन्तरगत आर्थिक तथा सामाजिक दुवै किसिमका पूर्वाधारहरु **(Economic and Social Infrastructure)** को विकासमा जोड दिइनेछ । आर्थिक पूर्वाधरहरुमा सडक, सिंचाई, खानेपानी र ढल, विद्युतिकरण, संचार, वातावरण संरक्षण र औद्योगिक व्यापारिक स्थलहरुको योजनाबद्ध विकास एवम् ग्रामिण तथा शहरी आवास पर्दछन् भने सामाजिक पूर्वाधारहरुमा स्वास्थ्य सेवा, शिक्षा, तालिम एवम् विभिन्न उद्देश्यका लागि प्रदान गरिने सेवाको विकास गर्नेछ । सुकम्बासी तथा अव्यवस्थित वस्तीहरुलाई व्यवस्थित गर्नका लागि आवश्यक पूर्वाधारहरुको समेत व्यवस्था गरिदै लगिने नीति अवलम्वन गरिने छ ।

*ख)* *कृषि तथा उद्यागको विकास गरी रोजगारीमा बृद्धि :*

मूलतः विकासको प्रमुख उद्देश्य नै जनताको आर्थिक एवम् सामाजिकस्तर माथि उठाउनु हो । यसको लागि गाउंपालिकामा कृषिका साथै उद्योग एवम् अन्य सेवा व्यवसायको विकासका लागि काम गरिनेछ । यस गाउंपालिकामा बढी भन्दा बढी लगानी प्रवाह होस् भन्ने नीति लिइनेछ । यो गाउंपालिका धान खेतीका लागि धान सुपरजोन कार्यक्रममा समेत

**समाविष्ट भइसकेको छ । गाउंपालिकामा कृषिलाई व्यवसायिक खेती (Commercial Farming) मा रुपान्तरण गर्दै लैजाने नीति अनुसार काम गरिनेछ । गाउंपालिकाका कृषकहरुलाई उच्च मुल्य हुने खालका कृषि उपजहरुको खेती गर्न प्रोत्साहन गरिनेछ । साथै कृषिलाई आर्गेनिक खेतीतर्फ किसानहरुलाई प्रेरित गर्न अनुदान दिने नीति आगामी आ. व. बाट अवलम्वन गरिने छ । चिया, तरकारी एवम् उष्णप्रदेशिय फलफुलहरुको खेती, नगदेबाली तथा धान, मकै, गहुं जस्ता खाद्यान्न बालीमा जोड दिइनेछ । यहां खेती भएका वस्तुहरुको नेपाल भित्र र छिमेकी मुलुकहरु भारत र बंगलादेशमा बजार प्रवर्द्धन गर्न प्रोत्साहन गरिनेछ । यहां सबै पूर्वाधारहरुको विकास गरी औद्योगिक स्थल (Industrial Area) को विकास गर्ने नीति लिइनेछ । जसअन्तरगत यस गाउंपालिकाको दक्षिण क्षेत्रलाई औद्योगिक स्थलका रुपमा रुपान्तरण गरि यहांका स्थानीय जनताहरु ५०० जनालाई रोजगार श्रृजना गरे आन्तरिक करमा उद्योगहरुलाई छुटको व्यवस्था गरिने छ ।**

***ग) स्थानीय स्रोत परिचालन :***

**विकास कार्यहरु गर्नका लागि स्रोत त आवश्यक हुन्छ नै तर स्रोतका लागि अझै पनि ठुलो मात्रामा केन्द्रकै भर पर्नु परिहेको छ । मापदण्डका आधारमा स्रोत स्थानीय निकायहरुलाई प्रदान गर्ने परिपार्टी अझै बन्न सकेको छैन । स्थानीय निकायहरु हालको विभिन्न ऐन, नियमले गर्दा स्थानीय रुपमा स्रोत परिचालन गर्न नसक्ने अवस्थामा छन् । कानून र नियम भए पनि आफ्नै संगठनात्मक कमजोरीका कारणले पनि कतिपय अवस्थामा स्थानीय निकायहरु स्थानीय स्रोत परिचालन गर्न सकिरहेका छैनन् । स्थानीय रुपमा पनि स्रोत परिचालन गर्ने क्षमता बृद्धि गर्न कार्य गरिनेछ साथै गाउंपालिकामा खास मापदण्डका आधारमा नियमित रुपमा प्रदेश र केन्द्रबाट स्रोत आइरहने व्यवस्थाका लागि कार्य गरिनेछ ।**

***घ) प्रदेश तथा केन्द्रबाट लागू हुने योजना एवम् कार्यक्रमहरु गाउंपालिकाको प्राथमिकता अनुसार बनाउने प्रयास :***

**प्रादेशिक र केन्द्रियरुपमा नै लागू भएका कार्यक्रमहरुको अधिक से अधिक फाइदा गाउंपालिकालाई होस् भन्ने अभिप्रायले काम गरिनेछ साथै गाउंपालिका स्थित केन्द्रिय सरकारका निकायहरुको योजना एवम् कार्यक्रममा गाउंपालिकाको आवश्यकता विशेष गरी स्थानीय प्राथमिकता प्रतिविम्विन होस् भन्ने हेतुले काम गरिनेछ । गाउंपालिकामा अवस्थित निकायहरुको योजना र कार्यक्रम तर्जुमा एवम् स्रोत जुटाउने काममा समेत गाउंपालिकाको सक्रियता रहनेछ साथै प्रदेश तथा केन्द्रियस्तरबाट सोझै लागू हुने परियोजना एवम् कार्यक्रमहरुमा समेत गाउंपालिकाको हितलाई संरक्षण गर्ने कार्य गरिनेछ ।**

**गाउँ विकास योजना तयारीका क्रममा गापाद्धारा वडा कार्यालयलाई पठाइएको बजेट सिमा तथा मार्गदर्शन**

**बजेट सिमा (स्थानीय निकाय अनुदान तर्फ ) :**

१. **७ वटा वडा कार्यालय प्रत्येकलाई पूर्वाधार विकास तर्फ रु ५० लाखका दरले र प्रशासनिक खर्चका लागि रु. ४ लाख ५० हजारका दरले वजेट विनियोजन गरिएको छ ।**

**मार्गदर्शन :**

१. अधुरा योजना, छोटो समयमा बढी प्रतिफल दिने तथा कम लगानीबाट बढी जनसंख्यालाई लाभ पुऱ्याउने खालका आयोजना र सकभर १ वर्षमा नै पुरा गर्न सकिने आयोजनालाई प्राथिमिकता दिई आयोजना छनौट गर्ने ।

२. आयोजना छनौट गर्दा आर्थिक तथा सामाजिक दृष्टिकोणले पछाडी पारिएका वर्ग एवं क्षेत्र तथा दलित, उत्पिडित, महिला, अपांग, आदिवासी, जनजातिको विकासको लागि प्राथमिकता दिई कार्यक्रम तर्जुमा गर्ने ।

३. बढी जनसहभागिता प्राप्त गर्न सकिने आयोजनालाई प्राथमिकता दिई आयोजना छनौट गर्ने ।

४. स्थानीय स्रोत साधनको परिचालन हुन सक्ने आयोजनालाई प्राथमिकता दिने ।

५. आयोजना छनौट गर्दा लैंगिक सन्तुलन, वातावरणलाई प्रतिकुल असर नपर्ने खालका आयोजनालाई प्राथमिकता दिने ।

६. स्थानीयस्तरमा संचालन गरिने कार्यक्रमका लागि समूह गठन गर्दा पहिला नै गठन भई रहेका समूह प्रयोग गर्ने ।

७. योजना तर्जुमा कार्यान्वयन र मूल्यांकनमा समन्वय र सहयोगका लागि कार्यतालिका बनाई कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने व्यवस्था मिलाउने ।

सभाध्यक्ष महोदय !
यस वर्षको गाउंपालिका विकास योजना तर्जुमा गर्दा देहायका नीतिहरु अवलम्वन गरिएको छ ।

## क) राजश्व परिचालन सम्बन्धी नीति :

गाउँपालिकाले राजश्वको दायरा र क्षेत्र निर्धारण गर्दा विद्यमान ऐन, नियममा व्यवस्था भएको कार्यविधिलाई अवलम्वन गर्नेछ । उद्योग वाणिज्य संघहरु, उद्योग संघ, वस्तुगत संघ, नागरिक समाज र राजनैतिक दलहरुसंगको परामर्शमा करको दायरा र दर तय गर्नेछ साथै सबै साझेदारहरुसंग सहकार्य गर्न सार्वजनिक नीति साझेदारीको अवधारणा लागू गरिनेछ ।

1= राजश्वको दायरालाई फराकिलो पार्न प्रचलित कानुनले दिएको अधिकार प्रयोग गर्दै थप केही वस्तुमा गाउंपालिका निकासी कर लगाइएको र केही करका दायराहरुलाई समेत बृद्धि गरिएको छ ।

2= दोहोरो नहुने गरी राजश्व संकलन गर्न छिमेकी न. पा. तथा गाउंपालिकाकासंग समेत प्रभावकारी समन्वय र सहकार्य गरिनेछ ।

3= राजश्व परिचालनमा जनसहभागितालाई प्रवर्द्धन गरी जवाफदेहिता र पारदर्शिता कायम गरिनेछ ।

4= दिगो स्रोत व्यवस्थापनका लागि नयां नयां स्रोतको पहिचान एवम् प्रवर्द्धन गर्न स्रोतको सम्भाव्यता अध्ययन यसै आर्थिक वर्षमा गरिनेछ ।

5= करदाता तथा व्यवसायिक संघ संस्थाहरुको सम्मानको लागि आवश्यक बजेट विनियोजित गरिनेछ ।

6= यसै आ.व.देखि सम्पत्ति करलाई व्यवस्थित रुपमा कार्यान्वयन गरिने छ ।

## ख) पूर्वाधार नीति :

1= सहभागितात्मक योजना तर्जुमा प्रक्रियाबाट आएका आयोजनाहरुलाई प्राथमिकताको आधारमा गाउंपालिका विकास योजनामा समावेश गरिनेछ । यसरी प्राथमिकता तोक्दा क्रमागत योजनाहरु, थोरै लगानीले धेरै प्रतिफल दिने गाउंपालिका सडक गुरुयोजनाले प्राथमिकतामा पारेका आयोजनाहरुलाई आधार लिइनेछ । यसका लागि सडक गुरुयोजना तयार पारिनेछ ।

2= आयोजनाहरुको छनौट गर्दा अधुरा रहेका पुल, कल्भर्ट, भवन जस्ता संरचनायुक्त परियोजनाहरुलाई सम्पन्न गर्नका लागि विशेष जोड दिई बजेट विनियोजन गरिएको छ ।

3= आयोजनाको निर्माण तथा संचालन गर्न विद्यमान कानूनको परिधि भित्र रही कार्यान्वयन हुने गरी उपभोक्ता समिति गठन तथा आयोजना कार्यान्वयन हुने व्यवस्था मिलाइएको छ ।

4= आयोजनाको जनसहभागिताको लागि संरचना निर्माणमा १० प्रतिशत र अन्य योजनाको हकमा २० प्रतिशत नगदै रकम जम्मा गरेपश्चात मात्र योजनाको सम्झौता गर्ने व्यवस्था मिलाइएको छ ।

5= आयोजना सञ्चालन गर्दा उपभोक्ताको कार्य क्षमता समेतका आधारमा बढीमा तीस लाखसम्मका आयोजनाहरु उपभोक्ताबाट सञ्चालन गरिनेछ भने सो भन्दा माथिका आयोजनाहरु निर्माण व्यवसायीहरुबाट सञ्चालन गरिनेछ ।

6= उपभोक्ता समितिलाई आयोजना संचालनका लागि अग्रिम रुपमा पेश्की दिने प्रथालाई पुर्ण बन्देज गरिएको छ । रनिङ्ग विलको आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाइएको छ ।

7= उपभोक्ताको खाता संचालन अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन गरिनेछ जसमध्ये एक जना महिला हुनु पर्ने व्यवस्था लागू गरिएको छ ।

8= आयोजनाको अनुगमन र मुल्यांकनलाई प्रभावकारी बनाउंदै लगिनेछ । आयोजना संचालन गर्दा उपभोक्ता समितिमा रहेका व्यक्तिहरु बाहेकका व्यक्तिहरुको एक अनुगमन समिति गठन गरिने छ । उक्त अनुगमन समितिको सिफारिश तथा गाउँपालिका स्तरिय अनुगमन समितिको सिफारिस विना योजनाको अन्तिम किस्ता निकासा तथा फरफारक गरिने छैन ।

9= आयोजनाहरुको सम्झौता गर्दा आयोजनाको पुर्व तस्वीर तथा अन्तिम भुक्तानी दिंदा आयोजना सम्पन्न भएको तस्वीर अनिवार्य राख्नु पर्ने व्यवस्था कढाईका साथ लागु गरिने छ ।

10= रु. ५ लाख र सो भन्दा बढीका आयोजनाहरुको होर्डिङ्ग बोर्ड राख्ने र सामाजिक, सार्वजनिक परीक्षण गरी प्रतिवेदन सार्वजनिक गर्ने प्रावधान लागू गरिनेछ ।

11= उपभोक्ता समितिहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाइनेछ ।

12= अत्यधिक जनसहभागिता परिचालनका लागि सामाजिक परिचालन प्रक्रियालाई गाउंपालिका भरी विस्तार गरिनेछ ।

13= गरिवी न्यूनिकरणमा सहयोग पुग्ने, स्वरोजगार सृजना हुने, रोजगारीको अवसर बढन सक्ने उत्पादनमुलक पूर्वाधारको विकास निर्माणमा प्राथमिकता साथ लगानी बृद्धि गर्न नीति क्षेत्र, गैससहरु र अन्य विकाससंग सम्बन्धित निकायहरुसंग सहकार्य गरिनेछ ।

14= हात्ति प्रकोप नियन्त्रणका लागि गाउंपालिकाले वन कार्यालय तथा अन्य सम्वन्धीत निकायहरुसंग सहकार्य गरी कार्यक्रमहरु अगाडि बढाईनेछ ।

## ग) सामाजिक विकास सम्बन्धी नीतिहरु :

1= गाउंपालिकाको आन्तरिक स्रोत तथा केन्द्रिय अनुदान समेतको रकमलाई लक्षित वर्गमा विनियोजन गर्नुपर्ने क्रमशः महिला, बालबालिकाका आदिवासी जनजाति, अपांग, ज्येष्ठ नागरिक, मुश्लिम तथा पिछ्डिएको वर्ग आदि समेतका लागि रकम विनियोजन गरिएको छ ।

2= दलित, आदिवासी जनजाति, महिला, बालबालिका, अपाङ्ग, वृद्ध तथा पिछडिएका र वञ्चितमा परेका वर्गको उत्थानका राष्ट्रिय प्राथमिकतालाई स्थानीय स्तरमा पनि आन्तरिकीकरण गरिनेछ ।

3= सबै किसिमका आयोजनाहरुमा लक्षित समुहको सहभागितालाई सुनिश्चित गरिनेछ ।

4= सामाजिक र लैंगिक विकासका लागि सिपमूलक, आयमूलक र चेतना अभिवृद्धि हुने लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

5= योजना तर्जुमाका सबै चरणहरुमा दलित, जनजाति, आदिवासी, मधेशी, मुस्लिम, महिला, पिछडा वर्ग, समुदाय र अति गरिवहरुलाई समावेश गराई विकासको मुल प्रवाहमा जोड्ने प्रयास गरिनेछ ।

6= लैंगिक उत्तरदायी कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।

7= महिला अधिकार, महिला सशक्तिकरण, घरेलु हिंसा, एच. आई. भी., महिला स्वास्थ्य वारे जनचेतना अभिवृद्धि गरिनेछ । साझेदार संस्थाहरुसंग सहकार्य गरी एकद्वार प्रणालीबाट कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

8= दलित, आदिवासी, जनजाति, मधेशी, पिछडा वर्ग, अल्पसंख्यक मुसलमान समुदायहरुको उत्थान एवम् विकासका लागि आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।

9= प्रकोप व्यवस्थापन तथा नदी नियन्त्रणका लागि आवश्यक बजेट तथा कार्यक्रम संचालन गरिनेछ ।

10= महिलाहरुको क्षमता अभिवृद्धि गर्न गाउंपालिकाबाट संचालन हुने कार्यक्रममा महिलाको मात्र उपभोक्ता समिति गठन गरी कार्यक्रम संचालन गर्न प्राथमिकता दिइनेछ ।

11= स्वच्छ, सफा खानेपानी गाउं गाउंसम्म विस्तार गर्ने नीति अवलम्वन गरिनेछ ।

घ) <u>पर्यटन नीति :</u>

1= गाउंपालिकाका प्रमुख पर्यटकीय गन्तव्यहरुको संरक्षण, सम्वर्द्धन एवम् प्रवर्द्धन गर्दै दिगो विकासको अवधारणा अवलम्वन गरिनेछ ।

2= गाउंपालिकालाई पर्यटकीय क्षेत्रको रुपमा पहिचान गराउन विशेष कार्यक्रम संचालन गरिनेछ । यसका लागि केचना, वोडोकेचना झिलको व्यवस्थापन गरिने र नेपालकै होचो भूभाग कचनकवलसम्म पुग्नकालागि आवश्यक पूर्वाधारको व्यवस्था मिलाइने छ ।

3= पर्यटकलाई <u>*अतिथि देवो भवः*</u> को रुपमा लिन **होम स्टे** कार्यक्रमलाई प्रोत्साहन गर्न प्रवर्धनकारी भूमिका अवलम्वन गरिएको छ ।

4= विभिन्न जातजातिहरुको परम्परागत भेषभुषा पहिचान तथा सो को संस्थागत विकास गर्दै आन्तरिक पर्यटक तथा बाह्य पर्यटकलाई प्रोत्साहन गरिनेछ ।

ङ) <u>महिला विकास सम्बन्धी नीति :</u>

1= महिला सहकारी, महिला समुह तथा संस्थाहरुको क्षमता विकासमा जोड दिइनेछ । साथै महिला बिकास सग सम्वन्धित संस्थाहरु सग सहकार्य गर्न आवश्यक वजेट तथा कार्यक्रमहरु तर्जुमा गरिएको छ ।

2= अधिकार, आवाज र छनौटका लागि संगठन, बचत र सीप विकासको कार्य नीति अपनाइनेछ ।

3= यस कार्यक्रममा देहाय बमोजिमका क्रियाकलापहरु संचालन गरिनेछन् ।

क) सामुदायिक संस्था गठन, नेतृत्व विकास, वचत तथा स्थानीय पूंजी परिचालन र महिला सशक्तिकरण ।

ख) महिला उद्यमशिलता कार्यक्रम जस अन्तरगत करेसावारी व्यवस्थापन, विउ विजन, अर्घानिक मल, साना व्यापार उद्यम प्रोत्साहन कार्यक्रम ।

ग) सिपमुलक तथा आयमुलक तालिम कार्यक्रम ।

घ) भूमिगत सिंचाई सम्बन्धी कार्यक्रम ( मोटर बोरिङ्ग, थोपा सिंचाई, साना कुलो पैनी निर्माण ) ।

ङ) विद्युतिकरण तथा वैकल्पिक ऊर्जा तथा वातावरण कार्यक्रम ।

च) महिला लद्यु वित्त कार्यक्रम ।

4= लैंगिक हिंसा विरुद्धको कार्यक्रमलाई गाउंसम्म पुऱ्याउन र हाल भएको लैंगिक हिंसा भएको लागि विभिन्न स्थानहरुमा बाल उद्यान केन्द्रहरुको स्थापना गरिनेछ साथै लैंगिक उत्तरदायी बजेटलाई बढवा दिदैं महिला बाल बालिका, आदिवासी जनजाति, मुस्लिम, पिछडिएको क्षेत्र र फरक क्षमता भएका व्यक्तिहरुलाई गाउंपालिका अनुदान निर्देशिका बमोजिम बजेट विनियोजन गर्दै लगिनेछ ।

## च) बाल मैत्री नीति :

1= बाल मैत्री गाउंपालिकाकोरुपमा पहिचान दिन आवश्यक बजेट तथा कार्यक्रम संचालन गरिनेछ ।

2= सबै वडाहरुमा बाल क्लबको गठन गर्ने र विकासका गतिविधिमा बाल क्लबका पदाधिकारीहरुको सहभागिता सुनिश्चित गरिनेछ ।

3= बाल बालिका विकासका लागि देहाय बमोजिमका क्रियाकलापहरु संचालन गरिनेछ ।

क) बाल विकास केन्द्र भवन निर्माण सहयोग, पूर्व प्राथमिक/प्राथमिक विद्यालय भवन तथा शौचालय निर्माण ।

ख) पुस्तक तथा खेलौनाहरुको वितरण ।

ग) बाल स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रम ।

घ) स्थानीयस्तरमा वाल उधान केन्द्र निमार्ण ।

4= वालमैत्री शासन (CFLG) संचालनको पूर्वाधार तयार गरिने छ ।

## छ) गाउँपालिकाको सुशासन सम्बन्धी नीति :

1= गाउँपालिकाका क्रियाकलापहरुलाई पारदर्शी, जवाफदेही, सहभागितामुलक प्रक्रिया अवलम्वन गरिनेछ । जसका लागि सार्वजनिक सुनुवाई, खर्च सार्वजनिकीकरण, सार्वजनिक/ सामाजिक लेखापरीक्षण, लैंगिक बजेट विश्लेषण आदि विधिहरु अपनाईनेछ ।

2= गापाका कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा काम प्रति उत्प्रेरित गर्न समय समयमा अभिमुखीकरण, तालिम, गोष्ठी तथा अवलोकन भ्रमण गराउनुका साथै कर्मचारीको अनुशासन कायम राख्न दण्ड र पुरस्कारको नीति अवलम्बन गरिनेछ ।

3= सेवाग्राहीलाई सुशासनको प्रत्याभूति दिन नागरिक वडापत्रलाइ समय सापेक्ष संशोधन गरी सो वमोजिम प्रभावकारी सेवा प्रदान गरिनेछ ।

4= प्रभावकारी वित्तिय व्यवस्थान, योजना कार्यक्रम तथा गापाबाट हुने सबै क्रियाकलापहरुलाई कम्प्युटराईज्ड प्रणालीको माध्यमबाट थप व्यवस्थित बनाइनेछ ।

5= महिला, अशक्त र अपाङ्ग सेवाग्राहीहरुलाई प्राथमिकता साथ सेवा उपलब्ध गराइनेछ ।

6= सार्वजनिक खरिद इकाईलाई प्रभावकारी रुपमा क्रियाशिल बनाई गापा बाट हुने सबै प्रकारका खरिदहरु (Procurements) वार्षिक खरिद योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

7= प्रत्येक वडाहरुलाई कम्प्युटर प्रणालीमा आवद्ध गराउन कम्प्युटर खरिद तथा जडानका लागि वडा कार्यालयसंग सहकार्य गर्न आवश्यक बजेट विनियोजन गर्दै लगिने छ ।

## ज) विद्युतिय शासन सम्बन्धी नीति :

1= नागरिकहरुलाई केन्द्र विन्दु बनाई सेवाग्राहीहरुको चाहना र आवश्यकता बमोजिम दिगो, छरितो, मितव्ययी, पारदर्शी एवम् प्रभावकारी सेवा र सुविधा प्रदान गर्न सूचना प्रविधिको उपयोग गरिनेछ । यस सिलसिलामा कचनकवल गाउंपालिकालाई सूचना र प्रविधिको क्षेत्रमा नमुना गाउंपालिका बनाउन विद्युतिय सुशासन रणनीतिक कार्ययोजना तर्जुमा गरिनेछ । यस कार्यका लागि गाउंपालिका स्थित सबै निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

2= जनताको सबैभन्दा नजिकको सरकारको रुपमा रहेको गाउंपालिकाको भूमिका दैनिक रुपमा बढ्दो छ । कार्य बोझ र जनशक्तिहरुको कमीहरुलाई न्यून गर्न, सेवा र सुविधालाई प्रभावकारी, विश्वासिलो एवम् जनमैत्री बनाउन सूचना प्रविधिको उपयोग गरी क्रमशः यसै आ. व. देखि व्यक्तिगत घटना दर्ता, सिफारिस, लेखा व्यवस्थापन जस्ता कार्यहरुलाई कम्प्युटर मार्फत सेवा प्रवाह गरिनेछ ।

3= गापाले एक **Dynamic Website** बनाई आफ्नो सूचना, निर्णय तथा गतिविधिहरुलाई पारदर्शी रुपमा नियमित प्रकाशन तथा प्रसारण गरी **website,** एफ. एम., पत्रपत्रिका तथा बुलेटिनहरु मार्फत सार्वजनिक गरिएको गरिनेछ । गाउंपालिकाको आन्तरिक आय तथा अन्य ठेक्का पट्टामा विद्युतिय बोलपत्र दाखिला **(E-Bidding)** पद्धतीलाई स्थापित गर्ने तर्फ अग्रसर गरिने छ ।

4= विद्युतिय सुशासनको माध्यमद्वारा सेवा प्रवाहलाई प्रभावकारी बनाउन कम्प्युटर नभएका वडाहरुमा कम्प्युटर उपलब्ध गराइनेछ । साथै सवै वडाको वित्तिय कारोवारलाई कम्प्युटरको माध्यमबाट संचालन गरिनेछ ।

5= गाउंपालिकाका गतिविधि एवम् सूचनाहरुलाई सही रुपमा जनतासम्म पुऱ्याउने विभिन्न संचारका माध्यमहरुसंग सहकार्य गरी फलदायी बनाइनेछ ।

6= आर्थिक पारदर्शिता र जवाफदेहितालाई अवलम्वन गर्दै आर्थिक सुशासन अनुभूतिलाई प्रशय दिइनेछ । बेरुजु हुन नै नदिन र विगत वर्षमा भएका बेरुजुलाई प्रक्रियामा पुऱ्याई समपरीक्षण गर्ने कार्यलाई तदारुकताका साथ अगाडी बढाइनेछ ।

झ) <u>कृषि, पशु विकास, भूसंरक्षण तथा वन नीति :</u>

1= कचनकवल गाउंपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन आवश्यक सिंचाई, पैनी, कृषि सडक, विउ विजन, मलखादका लागि सरोकारवाला सबै साझेदारहरुसंग सहकार्य गरिनेछ । साथै कृषि विकासका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

2= महिला कृषकहरुको लागि लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

3= गाउंपालिकाको प्रमुख स्रोतको रुपमा रहेको चिया, खाद्यान्न वालीको विकास तथा प्रवर्द्धनका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

4= सरकारी स्वामित्वमा रहेका पोखरीहरुमा माछापालनका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ । यसको लागि केचना झिल मर्मतका लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।

5= साना सिंचाई, सरल थोपा सिंचाई, भूमिगत सिंचाई आदि प्रविधिलाई विस्तार गरिनेछ ।

6= कृषिलाई व्यवसायिकीकरण गर्न सहकारितालाई जोड दिइनेछ र सहकारीकै माध्यमबाट फलफुल तथा तरकारी भण्डारका लागि चिस्यान केन्द्र, दुग्ध संकलन तथा भण्डारण केन्द्रको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

7= पशु विकासका लागि नश्ल सुधार कार्यक्रम अगाडि ल्याइनेछ ।

8= पोषणयुक्त भूई घांसको प्रवर्द्धनमा जोड दिइनेछ ।

9= स्वस्थ्य मासु व्यवस्थापनमा जोड दिइनेछ ।

10= जैविक विविधताको संरक्षणमा सार्वजनिक निजी साझेदारी अवधारण अवलम्वन गरिनेछ ।

11= नदी नियन्त्रण तथा भूक्षय व्यवस्थापनमा वांयो इन्जिनियरिङ्ग र हरितिकरण कार्यक्रमलाई अगाडि बढाइनेछ ।

ञ) वैकल्पिक ऊर्जा तथा नविकरणीय ऊर्जा, वातावरण नीति :

1= वैकल्पिक ऊर्जाका स्रोतहरुको पहिचान गरी त्यसको प्रविधिको प्रयोगमा टेवा पुऱ्याइनेछ ।
2= गाउंपालिकामा वैकल्पिक ऊर्जा प्रविधिलाई व्यापक विस्तार एवम् विकास गरिनेछ ।
3= विद्युतिकरण नभएको ठाउंमा सौर्य टुकी तथा नविकरणीय ऊर्जाको कार्यक्रम संचालन गरिनेछ ।
4= बढ्दो इन्धन खपतलाई न्यूनिकरण गर्न बांयोमास प्रविधिलाई विस्तार गरिनेछ ।
5= भूमण्डलीय वातावरणीय असर र प्रभावलाई न्यूनिकरणका लागि बांयो इन्जिनियरिङ्ग तथा वातावरणीय क्षेत्रमा विशेष पहल गरिनेछ ।

ट) शिक्षा, स्वास्थ्य तथा सरसफाई नीति :

1= निर्माणाधिन रहेको सामुदायिक क्याम्पसहरुलाई निर्माण कार्यमा सहयोग गर्न थप रकम समेतको विनियोजित गरिएको छ ।
2= विभिन्न विद्यालयहरुको भौतिक सुधार कार्यमा आवश्यक रकम विनियोजन गरिनेछ ।
3= गरिव, दलित, जनजाति, आदिवासी, महिला, मधेशी पिछडा वर्ग तथा मुस्लिम समुदायका विद्यार्थीहरुलाई छात्रवृत्ति दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
4= विद्यालयहरुमा कम्प्युटर शिक्षालाई विस्तार गर्न आवश्यक कम्प्युटर खरिद तथा जडानका लागि आवश्यक व्यवस्था मिलाइने छ ।
5= गाउंपालिकालाई खुल्ला दीशा मुक्त **(Open Defecation Free Zone)** क्षेत्रको रुपमा घोषणा गर्न सरसफाईको क्षेत्रमा कार्यरत सम्पुर्ण निकाय एवम् संघ संस्थाहरुलाई समन्वयात्मक रुपमा परिचालन गरिनेछ भने खुला दीसामुक्त घोषणा भइसकेपछि **Post ODF** कार्यक्रमबाट सो कार्यक्रमलाई निरन्तरता दिई व्यवस्थित गरिने छ । तराइ मधेस सम्वृद्धि कार्यक्रम र अन्य विभिन्न कार्यक्रमका केही रकमहरु शुलभ शौचालय तथा सरसफाईको कार्यक्रमलाई समायोजन गरिनेछ ।
6= प्रत्येक वडामा एक वातावरण उपसमिति गठन गरी समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

ठ) युवा तथा खेलकुद लक्षित नीति :

1= कचनकवल गाउंपालिकामा विभिन्न विद्यालयहरु समावेश गरी खेलकुद महोत्सव सञ्चालन गरिने छ ।
2= झापा जिल्ला अन्तरगत रहेको झापा ११ फूटवल क्लवलाई यसै वर्षदेखि १ जना खेलाडी अथवा प्रशिक्षकको वार्षिक पारिश्रमिक उपलव्ध गराई झापा जिल्लालाई फूटवलको उर्वरभूमी वनाउने कार्यलाई थालनी गरी निरन्तरता दिइने छ ।
3= चालु आ. व. देखि रोकिएर रहेको कचनकवल गोल्डपकप सञ्चालन गरी निरन्तरता दिइने छ ।
4= दलित, जनजाति, आदिवासी, मधेशी पिछडा वर्ग महिला र मुस्लिम समुदायका बेरोजगार युवाहरुलाई व्यवसायिक शिप तालिम र आय आर्जन सम्बन्धी कार्यक्रममा सहभागिता गराई स्वरोजगारी बनाईनेछ ।
5= पूर्वाधार निर्माणको क्रियाकलापमा धेरै भन्दा धेरै रोजगारीको श्रृजना गरी बेरोजगारीलाई न्यूनिकरण गरिनेछ ।
6= कुलतमा लागेका युवाहरुलाई सुधार गर्न सम्बन्धित सरोकारवाला निकाय तथा संघ संस्थाहरुसंग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ ।
7= खेलकुद विकासका लागि गाउंपालिकाबाट आवश्यक बजेट विनियोजन गरिएको छ ।

**सभाध्यक्ष महोदय !**
**अव कचनकवल गाउँ कार्यपालिकोे गत आ.व.को यथार्थ र यस आ.व.को संशोधित वजेट खर्च पेश गर्न चाहन्छु ।**

**यथार्थ खर्चः**

गत आ.व. २०७४।०७५ को कुल वजेट रु. ३८ करोड ६७ लाख ३८ हजार रहेको थियो जसमा चालु तर्फ रु. २१ करोड ८० लाख ६६ हजार र पूँजिगत तर्फ रु. १६ करोड ८६ लाख ७२ हजार विनियोजन गरिएकोमा चालु खर्च तर्फ हालसम्म रु २० करोड ७६ लाख १४ हजार र पूँजीगत तर्फ रु. १३ करोड २७ लाख ४१ हजार खर्च भएको छ । गत आ.व.०७४।०७५ मा आन्तरिक आय रु.४० लाख उठ्ने अनुमान गरिएकोमा आ.व.को अन्त सम्ममा यथार्थ आन्तरिक आय रु.४३ लाख ४३ हजार संचित कोषमा आम्दानी भएको छ ।

**संशोधित खर्च अनुमानः**

**यस वजेट नीति, कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयनका लागि विनियोजित वजेट र व्यहोरिने स्रोत तपसिल खण्डमा विस्तृत रुपमा प्रस्तुत हुने हुँदा यहाँ संक्षेपमा मात्र प्रस्तुत गर्न चाहन्छु ।**

चालु आ.व. ०७५/०७६ को लागि कुल **रु. ५१ करोड ४० लाख ७८ हजार** आय प्रस्ताव गरेको छु । यसबाट चालु तर्फ रु २८ करोड ४५ लाख ४० हजार र पूजीँगत तथा सशर्त तर्फ रु. २२ करोड ८६ लाख ०६ हजार विनियोजन गरेको छु । अव व्यहोरिने स्रोतका रुपमा **आन्तरिक आयबाट ८० लाख, नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरणबाट रु. १२ करोड ५४ लाख तथा सशर्त अनुदान रु. १५ करोड ३१ लाख, प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण तर्फ रु. ३७ लाख ७० हजार, राजस्व वाँडफाँडबाट रु. ८ करोड ५ लाख २१ हजार, सवारी साधन कर वाडफांड रु. ५१ लाख ११ हजार, प्रदेश सरकारबाट सशर्त अनुदान रु. १ करोड , तराइ मधेश समृद्ध कार्यक्रमबाट रु. १ करोड २ लाख ४० हजार, अ.ल्या. रु. ५ करोड ४१ लाख १७ हजार, सामाजिक सुरक्षा तर्फ केन्द्रीय सरकारबाट प्राप्त हुन रु. ६ करोड १४ लाख ८६ हजार र अन्य आय रु.२३ लाख ३३ हजार** समेत यस गाउँपालिकाको सञ्चित कोषमा जम्मा भई सो कोषबाट व्यय हुने अनुमान प्रस्ताव गरेको छु ।

**सभाध्यक्ष महोदय,**
**अव म आ.व. ०७५।०७६ को क्षेत्रगत वजेट विनियोजनका वारेमा संक्षेपमा प्रस्तुत गर्न चाहन्छुः**
**(क) आर्थिक विकासः**

कृषि तथा पशु स्वास्थ्य सेवा तर्फ विभिन्न कार्यक्रम तथा आयोजनाहरुका लागि रु.६१ लाख ३२ हजार, पर्यटन तर्फ रु. १९ लाख, सहकारी तर्फ रु.४ लाख ५० हजार र वित्तीय क्षेत्रमा ४४ लाख गरी आर्थिक विकासमा **रु. १ करोड २८ लाख ८२ हजार** वजेट विनियोजन गरेको छु ।

**(ख) सामाजिक विकास**

शिक्षा तर्फ विभिन्न कार्यक्रम तथा आयोजनाहरुका लागि रु. १२ करोड २ लाख ४९ हजार विनियोजन गरिएको छ भने स्वास्थ्य सेवा तर्फ विभिन्न कार्यक्रम तथा आयोजनाहरुका लागि रु. ३ करोड ४ लाख ८ हजार विनियोजन गरिएको छ । यसैगरी खानेपानी तथा सरसफाइ तर्फ रु. १० लाख, संस्कृति प्रवर्द्धन तर्फ रु. २५ लाख ७० हजार, खेलकुद तथा मनोरन्जन तर्फ रु. २० लाख ५० हजार, लैंगिक समानता तथा समावेशीकरण तर्फ रु. ३५ लाख २४ हजार गरी सामाजिक विकासमा जम्मा **रु. १५ करोड ९८ लाख १ हजार** विनियोजन गरिएको छ ।

**(ग) पूर्वाधार विकास**

सडक पूर्वाधार तर्फ यस गाउँपालिकाको गाउँपालिकास्तरीय सडक, कृषि सडक तथा ग्रामीण सडक, सिंचाइ, भवन तथा शहरी विकास तर्फ, उर्जा तथा विद्युतीकरण र सञ्चारमा, नदी कटान नियन्त्रण गरी जम्मा रु. **२२ करोड ८४ लाख** ६ हजार विनियोजन गरिएको छ

**(घ) वातावरण तथा विपद व्यवस्थापन**

वन तथा भूसंरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला तथा ढल व्यवस्थापन, विपद व्यवस्थापन गरी जम्मा **रु. ७२ लाख ५० हजार** विनियोजन गरेको छु ।

**(ङ) संस्थागत विकास**

सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सुचना प्रविधि,स्थानीय तथ्याङ्क संकलन, अभिलेख तथा पञ्जिकरण व्यवस्थापन, सुशासन प्रवर्द्धन तर्फ, अनुसन्धान तथा विकास, सवारी साधर्न, सीप विकास तथा जनचेतनामूलक कार्यक्रम, समाजिक संघ संस्था, समपूरक कोष समेत जम्मा **१० करोड ९७ लाख ३९ हजार** विनियोजन गरिएको छ ।

अन्त्यमा प्रस्तुत वजेट नीति तथा कार्यक्रमबाट यस गाउँपालिकाका सबै क्षेत्रको आर्थिक, सामाजिक, राजनैतिक तथा भौतिक पूर्वाधारका विकासमा सक्दो योगदान पुग्ने र गाउँवासीहरुको जीवनस्तरमा उचित सुधार हुँदै जाने अपेक्षा लिएको छु । यसका लागि योजना तर्जुमाका तोकिएका चरण तथा प्रक्रियाहरु पूरा गर्दै हामी यस चरणमा आउन सफल भएका छौं । यसमा हामी सबैको प्रत्यक्ष परोक्ष रुपमा सहभागिता रहेको छ , यो सहभागिताका लागि सबै महानुभावहरु र समग्र कचनकवल गाउँबासीहरु, संलग्न सबै कर्मचारीहरु समेतमा हार्दिक आभार व्यक्त गर्दछु ।

यसैगरी गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरु, आजको यस सभाका अतिथिज्यूहरु, कर्मचारीहरु, अहोरात्र खटीई हामीलाई गर्नु भएको सहयोगका लागि हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्न चाहन्छु ।

**धन्यवाद ।**

**निमसरी राजवंशी**

उपाध्यक्ष
कचनकवल गाउँपालिका बनियानी, झापा